IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

M06/1/A1NEP/SP2/NEP/TZ0/XX

22060208

**NEPALI A1 – STANDARD LEVEL – PAPER 2**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 2**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 2**

Tuesday 23 May 2006 (afternoon)
Mardi 23 mai 2006 (après-midi)
Martes 23 de mayo de 2006 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the Part 3 works you have studied. You may include in your answer a discussion of a Part 2 work of the same genre if relevant. Answers which are not based on a discussion of at least two Part 3 works will not score high marks.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Traitez un seul sujet de composition. Vous devez baser votre réponse sur au moins deux des œuvres de la 3e partie que vous avez étudiées. Le cas échéant, vous pouvez inclure dans votre réponse une discussion sur une œuvre du même genre littéraire étudiée dans la 2e partie du programme. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la 3e partie n'obtiendront pas une note élevée.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Elija un tema de redacción. Su respuesta deberá basarse en al menos dos de las obras estudiadas en la Parte 3. Se podrán hacer comentarios sobre una obra de la Parte 2 del mismo género, si fuera necesario. Las respuestas que no incluyan una discusión sobre al menos dos obras de la Parte 3 no recibirán notas altas.

*तलका कुनै एक प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो निबन्धात्मक उत्तर तपाईंले अध्ययन गरेका भाग ३ का कुनै दुईवटा कृतिहरूमा आधारित हुनुपर्दछ । तपाईंले आवश्यक ठानेमा भाग २ का समान विधाका कृतिलाई पनि निबन्धात्मक उत्तरमा समावेश गर्न सक्नुहुन्छ तर भाग ३ का कम्तीमा २ वटा कृतिहरूमा उत्तर आधारित छैन भने त्यस्तो उत्तरले उच्च अङ्क प्राप्त गर्ने छैन ।*

१. कथा

(क) तपाईंले पढेका कथाहरूमा नारी वर्ग र पुरुष वर्गका पात्रहरूमध्ये कस्ता वर्गका पात्र बढी उत्साही र जागरुक देखिएका छन् अनि किन ?

<u>अथवा</u>

(ख) तपाईंले पढेका कथाहरूमा कथाकारले केकस्ता सन्देश दिएका छन् अनि ती सन्देश प्रति तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?

२. उपन्यास

(क) "करुणभाव व्यक्त भएको उपन्यास अत्यन्तै मार्मिक हुन्छ " भन्ने विचारलाई तपाईंले पढेका उपन्यासका आधारमा कसरी प्रस्ट पार्नुहुन्छ ?

<u>अथवा</u>

(ख) वैयक्तिक अहंका कारण मान्छेको जीवन बिग्रन्छ कि सप्रन्छ ? आफूले पढेका उपन्यासका आधारमा प्रस्ट पार्नुहोस् ।

३. नाटक

(क) "सहनशील एवं कर्तव्यनिष्ठ व्यक्तिले जीवनमा सफलता प्राप्त गर्छ" भन्ने विचारप्रति तपाईंका के-कस्ता प्रतिकिया छन् ?

<u>अथवा</u>

(ख) सामाजिक एवं मनोवैज्ञानिक विषयवस्तुमध्ये कस्तो विषयवस्तु भएको नाटक बढी मार्मिक हुन्छ ? आफूले पढेका नाटकका आधारमा प्रस्ट्याउनुहोस् ।

## ४. कविता

(क) कतिपय कविता एवं काव्यमा "मानव मानव भएर बाँच्न पाउनुपर्छ" भन्ने सार प्रस्तुत भएको पाइन्छ । यस सारलाई आफूले पढेका कविता एवं काव्यका आधारमा खुलस्त पार्नुहोस् ।

अथवा

(ख) तपाईंले पढेका कतिपय कविता एवं काव्यमा कारुणिक भाव व्यक्त भएका छन् । यस कुरालाई आफूले पढेका कविता एवं काव्यका आधारमा कसरी प्रस्ट पार्नुहुन्छ ?

## ५. सामान्य प्रश्नहरू

(क) तपाईंले पढेका साहित्यिक कृतिमा शून्यवादी विचारहरू व्यक्त भएका छन् । ती विचारहरू प्रति तपाईंको केकस्तो प्रतिक्रिया छ ?

अथवा

(ख) "उच्चकोटीको साहित्यिक कृति युगजयी हुन्छ" भन्ने कुरालाई आफूले पढेका साहित्यिक कृतिका आधारमा प्रस्ट पार्नुहोस् ।

अथवा

(ग) "कतिपय साहित्यिक कृतिमा आशावादी स्वर घन्किएको पाइन्छ ।" यस भनाइलाई आफूले पढेका कृतिका आधारमा कसरी प्रस्ट्याउनुहुन्छ ?

अथवा

(घ) तपाईंले पढेका कतिपय कृतिहरूले "जीवन संघर्षमय छ" भन्ने सन्देश दिएका छन् । यस भनाइसित तपाईं सहमत हुनुहुन्छ ? आफूले पढेका कुनै दुईवटा कृतिका आधारमा प्रष्ट पार्नुहोस् ।